# बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण

## २०८३





नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय,दाङ

# बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण २०८३



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय,दाङ

| | |
|---|---|
| प्रकाशक | : तथ्याङ्क समन्वय कार्यालय , दाङ |
| तथ्याङ्क संकलनटाइपिङ्ग तथा डिजाइन , | : हरिभक्त गौतम,सतिश चौधरी |
| तथ्याङ्क संयोजन तथा सम्पादन | : पोम नारायण पौडेल, सुमन्त कुमार गुप्ता, हरिभक्त गौतम, सतीश चौधरी |
| फोन नं. | : ०८२५६००१८ |
| इमेल | : scodang@nsonepal.gov.np |
| प्रकाशन वर्ष | : २०८३ |
| प्रकाशन प्रति | : |

**बढैयाताल गाउँपालिका**
Badhaiyatal Rural Muncipality
**गाउँ कार्यपालिकाको कार्यालय**
Office of Rural Municipal Executive
मैनापोखर बर्दिया
(Mainapokhar , Bardiya )
लुम्बिनी प्रदेश नेपाल
( Lumbini Province, Nepal)

फोन नं.:- ०८४-४०१०७७





प.स.(L. No):
च.न.( Ref. No):

# शुभकामना सन्देश

बढैयाताल गाउँपालिकाको **वस्तुगत विवरण निर्माण कार्य सम्पन्न भई प्रकाशनको चरणमा पुगनु** हामी सम्पूर्ण गाउँपालिकावासीका लागि खुसी र गौरवको विषय हो। यस महत्वपूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँपालिकाका जनप्रतिनिधिज्यूहरू, कर्मचारीहरू, विषयगत विज्ञहरू, तथ्याङ्कसँग सम्बन्धित निकायहरू, विभिन्न सरकारी तथा गैरसरकारी संघ–संस्थाहरू, सरोकारवाला निकायहरू तथा सम्पूर्ण गाउँपालिकावासीप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

स्थानीय सरकारको प्रभावकारी सञ्चालन, योजनाबद्ध विकास तथा तथ्यमा आधारित नीति, योजना र निर्णय निर्माणका लागि वस्तुगत विवरण एक महत्वपूर्ण आधार दस्तावेज हो। यस विवरणले बढैयाताल गाउँपालिकाको भौगोलिक अवस्था, जनसांख्यिक संरचना, सामाजिक तथा आर्थिक अवस्था, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पूर्वाधार, उद्योग तथा उद्यमशीलता, पर्यटन, वन तथा वातावरण र प्राकृतिक स्रोत–साधनलगायतका विविध पक्षहरूको समग्र एवं यथार्थ चित्र प्रस्तुत गर्दछ। उपलब्ध तथ्य तथा सूचनाले गाउँपालिकाको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न, विकासका सम्भावना र चुनौतीहरू पहिचान गर्न तथा आगामी दिनका प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास लिएको छु।

यस वस्तुगत विवरणले गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौगोलिक तथा विकास अवस्थाको अध्ययन र विश्लेषण गरी आगामी दिनमा निर्माण हुने आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा विकास योजनाका लागि महत्वपूर्ण आधार तयार गरेको छ। यसका माध्यमबाट उपलब्ध स्रोत–साधनको प्राथमिकताका आधारमा प्रभावकारी परिचालन, विकास योजनाको उचित छनोट, सेवा प्रवाहमा सुधार, सुशासनको प्रवर्द्धन तथा स्थानीय सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा लिएको छु। वस्तुगत विवरण केवल तथ्याङ्कको संकलन मात्र नभई **बढैयाताल गाउँपालिकाको वर्तमान अवस्थालाई बुझ्ने, सम्भावनाको पहिचान गर्ने र भविष्यको विकासको मार्गचित्र तय गर्ने महत्वपूर्ण आधार** हो। त्यसैले यस दस्तावेजमा समेटिएका तथ्य तथा सूचनालाई आगामी योजना तथा नीति निर्माणमा प्रभावकारी रूपमा उपयोग गर्दै दिगो, समावेशी, पारदर्शी र परिणाममुखी विकासतर्फ गाउँपालिकालाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु। अन्त्यमा, वस्तुगत विवरण निर्माणमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै यस दस्तावेजले **"समृद्ध बढैयाताल, सुखी गाउँपालिकावासी"** निर्माणको अभियानलाई थप ऊर्जा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**हिमालय त्रिपाठी**
**अध्यक्ष**

# बढैयाताल गाउँपालिका
Badhaiyatal Rural Muncipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मैनापोखर बर्दिया
(Mainapokhar , Bardiya )
लुम्बिनी प्रदेश नेपाल
( Lumbini Province, Nepal)

फोन नं.:- ०८४-४०१०७७




प.स.(L. No):

च.न.( Ref. No):

## शुभकामना सन्देश

बढैयाताल गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक अवस्थालाई समेटेर तयार गरिएको बस्तुगत विवरण (Profile) प्रकाशन हुन लागेको अवसरमा सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै यस महत्त्वपूर्ण कार्यलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, प्राविधिक, विषयगत विज्ञ, तथ्याङ्क सङ्कलक तथा सरोकारवाला पक्षहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

स्थानीय तहको दिगो विकास र समृद्धिका लागि यथार्थ तथ्याङ्क तथा सूचनाको अहम् भूमिका रहन्छ। कुनै पनि योजना तथा कार्यक्रमको सफलता त्यसको आधारमा तयार गरिने तथ्यगत विश्लेषणमा निर्भर हुन्छ। ऐतिहासिक बढैयातालको पहिचान बोकेको यस गाउँपालिकामा तयार पारिएको यो बस्तुगत विवरणले यहाँको वर्तमान अवस्था, उपलब्ध जल, जमिन, जैविक विविधता जस्ता स्रोत—साधन, विकासका सम्भावना तथा विद्यमान चुनौतीहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ। यस दस्तावेजले भावी आवधिक योजना तर्जुमा, न्यायोचित बजेट विनियोजन तथा रूपान्तरणकारी विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ।

हाम्रो बढैयाताल गाउँपालिका थारू संस्कृति, विभिन्न जातजाति, भाषा र मौलिक सामाजिक विशेषताले सम्पन्न समृद्ध थलो हो। यहाँ रहेका महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, थारू समुदाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका सम्पूर्ण वर्गको आवश्यकतालाई समेटेर समतामूलक र समावेशी विकासको अवधारणालाई आत्मसात् गर्नु हाम्रो मुख्य दायित्व हो। यस बस्तुगत विवरणले ती विविध पक्षहरूको सूक्ष्म विश्लेषण गर्दै न्यायपूर्ण विकासका लागि आवश्यक आधार तयार गरेको छ।

हामीले परिकल्पना गरेको 'समृद्ध बढैयाताल' निर्माणका लागि तथ्यमा आधारित योजना, पारदर्शी कार्यप्रणाली, उत्तरदायी शासन व्यवस्था तथा व्यापक जनसहभागिता अनिवार्य हुन्छ। यस दस्तावेजले ती लक्ष्य हासिल गर्न स्पष्ट दिशानिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु। आगामी दिनमा यसैलाई मुख्य आधार बनाएर स्थानीय आवश्यकताअनुसारका कार्यक्रम सञ्चालन गरी नागरिकको जीवनस्तर उकास्न गाउँपालिका निरन्तर क्रियाशील रहनेछ।

अन्त्यमा, यो बस्तुगत विवरण निर्माणका क्रममा प्राविधिक तथा विषयगत सहयोग पुऱ्याउने सम्पूर्ण टोली र तथ्याङ्क संकलनमा सहयोग गर्ने स्थानीयवासीलाई विशेष धन्यवाद दिँदै यो वस्तुगत विवरण केवल कागजी दस्तावेज मात्र नभई बढैयातालको उज्ज्वल भविष्यको विकास यात्राको महत्त्वपूर्ण मार्गचित्र (Roadmap) बन्न सकोस् भन्ने कामना गर्दछु।

धन्यवाद।

लक्ष्मी कुमारी अधिकारी
उपाध्यक्ष

# शुभकामना सन्देश

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको मूल मर्मअनुरूप स्थानीय तहलाई समृद्ध, सुशासित, उत्तरदायी तथा जनमुखी बनाउने अभियानमा तथ्यमा आधारित योजना तर्जुमा, वैज्ञानिक निर्णय प्रक्रिया तथा प्रभावकारी स्रोत व्यवस्थापनको आधार विश्वसनीय र अद्यावधिक तथ्याङ्क नै हो। यथार्थपरक सूचना तथा वस्तुगत विश्लेषण बिना विकासका लक्ष्यहरूलाई दिगो, समावेशी र परिणाममुखी बनाउन सम्भव हुँदैन। यही यथार्थलाई आत्मसात् गर्दै बढैयाताल गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक, वातावरणीय तथा संस्थागत अवस्थाको समेटिएको **"बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण - २०८३"** प्रकाशन हुन लागेकोमा अत्यन्त हर्ष, सन्तोष तथा गौरवको अनुभूति गरेको छु।

प्रस्तुत वस्तुगत विवरण गाउँपालिकाको समग्र विकास अवस्थाको अभिलेख मात्र नभई भावी विकास यात्राको मार्गनिर्देशक दस्तावेजका रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु। यसले गाउँपालिकाको विकासका सम्भावना, चुनौती, उपलब्धि तथा आवश्यकता सम्बन्धी यथार्थपरक चित्र प्रस्तुत गर्दै नीति निर्माण, आवधिक तथा वार्षिक योजना तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गर्नेछ। साथै, यस प्रकाशनले सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार, अनुसन्धानकर्ता, शिक्षाविद्, विद्यार्थी, निजी क्षेत्र तथा आम नागरिकका लागि अध्ययन, अनुसन्धान, विश्लेषण र निर्णय प्रक्रियामा उपयोगी सन्दर्भ सामग्रीका रूपमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

विकास व्यवस्थापनको वर्तमान परिवेशमा प्रमाणमा आधारित निर्णय प्रणाली (Evidence-based Planning) को महत्व दिन प्रति दिन बढ्दै गएको छ। यस सन्दर्भमा प्रस्तुत वस्तुगत विवरणले गाउँपालिकाको विद्यमान अवस्था, उपलब्ध स्रोत–साधन, विकासका अवसर तथा चुनौतीहरूको वस्तुनिष्ठ विश्लेषण प्रस्तुत गर्दै समावेशी, सन्तुलित तथा दिगो विकासका लागि आवश्यक नीतिगत हस्तक्षेप निर्धारणमा महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास लिएको छु। यस दस्तावेजले स्थानीय शासन प्रणालीलाई अझ सुदृढ, उत्तरदायी तथा नागरिकमैत्री बनाउन समेत उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस प्रकाशनको तयारीका क्रममा आवश्यक तथ्याङ्क  संकलन, विश्लेषण, सम्पादन र प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने तथ्याङ्क समन्वय कार्यालय, दाङका कार्यालय परिवार साथै तथा आवश्यक विवरण उपलब्ध गराई सहयोग गर्नुहुने वडा सचिव ज्यूहरु, विषयगत शाखा ज्यूहरू लगायत कर्मचारी साथीहरु तथा उचित समन्वय गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, र कार्यपालिका सदस्य ज्यूहरु प्रति हृदय देखि धन्यवाद व्यक्त गर्दछु। तथ्याङ्क सङ्कलन, विश्लेषण, सम्पादन तथा प्रकाशन कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण प्राविधिक तथा प्रशासनिक टोलीको समर्पण, लगनशीलता र व्यावसायिक दक्षता उच्च प्रशंसाको पात्र रहेको छ।

अन्त्यमा, **"बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण - २०८३"** गाउँपालिकाको समग्र विकास व्यवस्थापन, सुशासनको संस्थागत सुदृढीकरण, सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा समृद्ध, आत्मनिर्भर र दिगो बढैयाताल निर्माणको अभियानमा एक महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। यस प्रकाशनको प्रभावकारी उपयोगमार्फत स्थानीय विकासलाई थप व्यवस्थित, तथ्यमा आधारित तथा परिणाममुखी बनाउन सम्पूर्ण सरोकारवालाहरूबाट निरन्तर सहयोग, समन्वय, रचनात्मक सुझाव तथा सहकार्य प्राप्त हुने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

**( अर्जुन थारु )**
**प्रमुख प्रशासकीय अधिकृत**
**बढैयाताल गाउँपालिका**
**बर्दिया, लुम्बिनी प्रदेश**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, दाङ
घोराही, दाङ

फोन नं.:- ०८२-५६००१८
Email: scodang@nsonepal.gov.np

पत्र संख्याः
चलानी नं.:

## हाम्रो भनाइ



प्रमाणमा आधारित नीति निर्माण र योजना तर्जुमा एवं त्यसको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र निर्णय प्रक्रियालाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन गुणस्तरीय तथ्याङ्कको माग दिन प्रतिदिन बढ्दै गइरहेको छ। राज्यको पुनर्संरचना पछि खण्डीकृत (Disaggregated) तथ्याङ्कको माग झन दिनानुदिन बढ्दै गइरहेको अनुभव हामीले गरेका छौं।

राष्ट्रिय स्तरमा तयार पारिएका तथ्याङ्क र सूचनाहरूले मात्र देशका सबै क्षेत्र एवं स्थानहरूको बृहतरूपमा जानकारी गराउने खण्डीकृत (Disaggregated) तथ्याङ्कको मागलाई सम्बोधन गर्न सम्भव हुदैन। यसै कुरालाई मनन् गरी तथ्याङ्क समन्वय कार्यालय दाङले गणना तथा सर्वेक्षणहरूबाट प्राप्त प्रदेश, जिल्ला एवं स्थानीय तहका तथ्याङ्क र प्रदेश, जिल्ला एवं स्थानीय तहहरूबाट विभिन्न निकायहरूमा व्यवस्थापन गरिएका अभिलेखहरूमा छरिएर रहेका उपयोगी आँकडाहरूलाई एकत्रित गरी चालु आर्थिक वर्षमा बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण २०८३ तयार गरेका छौं। यसबाट धेरै नभएपनि केही मात्रामा तथ्याङ्क प्रयोग कर्ताहरूको मागलाई सम्बोधन गर्नेछ भन्ने आशा हामीले राखेका छौं।

बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण २०८३ तयार गर्ने क्रममा हामीलाई तथ्याङ्क उपलब्ध गराइ वा अन्य कुनै तवरबाट प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गर्नुहुने बढैयाताल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत साथै बढैयाताल गाउँपालिकाकामा रहेका सरकारी एवं गैरसरकारी कार्यालयहरू र विभिन्न संघ संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै बढैयाताल गाउँपालिकाको वस्तुगत विवरण २०८३ तयार गर्नको लागि तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन कार्यमा समेत महत्वपुर्ण भूमिका निर्वाह गर्नु भएका यस कार्यालयका तथ्याङ्क अधिकृत द्वय रोचक सुवेदी र सुमन्त कुमार गुप्ता, सुपरिवेक्षकहरू संगीता श्रेष्ठ, सीता सापकोटा, हरिभक्त गौतम, सतीश कुमार चौधरी, खुमानन्द वली र विनिता चौधरी, खरिदारहरू माधव प्रसाद पौडेल र गोपालराज उपाध्याय, सहलेखापाल नारायण प्रसाद शर्मा तथा गणकहरू शर्मीला शर्मा र प्रभु नारायण थारूलाई हार्दिक धन्यवाद दिन चाहान्छु। भविष्यमा यसका परिमार्जित संस्करणहरूको प्रकाशनका लागि पाठकहरूबाट सदाझैं रचनात्मक सुझाव र प्रतिक्रिया प्राप्त हुने विश्वास लिएको छु।

अन्तमा गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने कार्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रेरणादायी भुमिकाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

जेठ,२०८३

पोम नारायण पौडेल
तथ्याङ्क समन्वय अधिकारी

# विषयसूची


१
खण्ड १ बढैयाताल गाउँपालिकाको चिनारी १
१.१ संक्षिप्त परिचय १
१.२ सिमाना १
१.३ भौगोलिक अवस्थिति १
१.४ राजनैतिक तथा प्रशासनिक केन्द्र १
१.५ ऐतिहासिक चिनारी तथा नामाकरणः २
१.६ धरातलीय अवस्थाः २
१.६.१ माटोको बनावट र उर्वराशक्ति २
१.७ जलवायु तथा वर्षा ३
१.८ भू-उपयोग तथा प्राकृतिक सम्पदा ३
१.९ साँस्कृतिक विशेषता ४
१.१० विकासका उपलब्धि र संभावना ४
१.११ मूख्य वनस्पति तथा बन्यजन्तुहरुः ४
१.१२ बनको किसिमअनुसारको विवरण ५
१.१३ ब्यापारिक महत्वका स्थानहरुको विवरण ५
१.१४ सामाजिक संरक्षण गृहहरुको संख्या ५
खण्ड २ घरपरिवार तथा जनसांख्यिक विवरण ६
२.१ जनसंख्या, घरपरिवार संख्या, परिवारको औसत आकार र लैङ्गिक अनुपातको विवरण ६
२.२ उमेर तथा लिङ्गअनुसार जनसंख्याको विवरण ७
२.३ उमेर समूह अनुसार जनसंख्याको विवरण १०
२.४ परिवारमूलीको लिङ्गअनुसार विवरण ११
२.५ उमेर समूह र लिङ्गअनुसार परिवारमूलीको विवरण १२
२.६ घरपरिवार, लिङ्गअनुसार जनसंख्या र जनघनत्व सम्बन्धी विवरण १२
२.७ धर्म र लिङ्गअनुसार जनसंख्याको विवरण १३
२.८ जातजाति सम्बन्धी विवरण १३
२.८.१ जातजाति र लिङ्गअनुसार जनसंख्याको विवरण १३
२.८.२ उमेर समूहको आधारमा जातजातिको जनसंख्याको विवरण १७
२.८.३ जातजातिगत समूहको आधारमा साक्षरताको अवस्थाको विवरण १८
२.९ भाषा सम्बन्धी विवरण १९
२.९.१ मातृभाषा र लिङ्गअनुसार जनसंख्याको विवरण १९
२.९.२ बोलिने दोस्रो भाषा सम्बन्धी विवरण २१
२.९.३ पुख्यौंली भाषा सम्बन्धी जनसंख्याको विवरण २३
२.१० विवाह २४
२.१०.१ वैवाहिक स्थिति सम्बन्धी जनसंख्याको विवरण २४
२.१०.२ पहिलो विवाह गर्दाको उमेर समूह अनुसार जनसंख्याको विवरण २५

२.१०.३ बाल विवाह दर सम्बन्धी विवरण २६
२.११ अपाङ्गता सम्बन्धी विवरण २६
२.१२ परिवारको आकार अनुसारको घरपरिवार संख्याको विवरण २७
२.१३ घरको स्वामित्व अनुसार पारिवारिक विवरण २७
२.१५ घरको बाहिरी गारो अनुसार पारिवारिक विवरण २९
२.१६ घरको छानोको प्रकार अनुसार पारिवारिक विवरण ३०
२.१७ घरको भुईंको प्रकार अनुसार पारिवारिक विवरण ३१
२.१८ पिउने पानीको मुख्य स्रोत अनुसार पारिवारिक विवरण ३१
२.१९ खाना पकाउन प्रयोग गरिने इन्धनको प्रकार अनुसार पारिवारिक विवरण ३२
२.२० बत्ती बाल्न प्रयोग गरिने इन्धन अनुसार पारिवारिक विवरण ३३
२.२१ परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार पारिवारिक विवरण ३४
२.२२ परिवारले प्रयोग गरेको सुविधाका साधन अनुसार पारिवारिक विवरण ३४
२.२३ घर जग्गामा महिलाको स्वामित्व अनुसार पारिवारिक विवरण ३६
२.२४ दर्ता नगरी कृषि बाहेकका साना घरेलु व्यवसायगर्ने परिवारहरूको लिङ्गअनुसारको विवरण ३६
२.२५ गत १२ महिनामा कम्तीमा १ जना मृत्यु भएको पारिवारिक विवरण ३६
२.२६ गत १२ महिनामामृत्यु भएका व्यक्तिको उमेर समूह अनुसार पारिवारिक विवरण ३७
२.२७ गत १२ महिनामा मृत्यु हुनुको कारण अनुसार पारिवारिक विवरण ३८
२.२८ गत १२ महिनामा १५ देखि ४९ वर्षका महिलाहरूको मृत्युको अवस्था अनुसार पारिवारिक विवरण ४१
२.२९ परिवारमा अनुपस्थित वा विदेश गएका जनसंख्या सम्बन्धी विवरण ४१
२.२९.१ कम्तीमा १ जना अनुपस्थित/विदेश गएको जनसांख्यिक तथा पारिवारिक विवरण ४१
२.२९.२ अनुपस्थित/विदेश गएको व्यक्तिको ५ वर्ष उमेर समूह अनुसार विवरण ४२
२.२९.३ अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देश अनुसारको विवरण ४२
२.२९.४ विदेश रहेका व्यक्तिहरूको विदेश जानुका कारण अनुसार विवरण ४३
२.२९.५ विदेश रहेका व्यक्तिको गएको देश र जानुको कारण अनुसारको विवरण ४३
२.२९.६ विदेश रहेका व्यक्तिको विदेशजाँदाको अवस्थामा उत्तीर्ण गरेको तह अनुसारको विवरण ४७
**खण्ड ३ सामुदायिक तथ्याङ्क ४८**
३.१ वडा कार्यालयबाट सबैभन्दा टाढाको बस्तीमा एकतर्फी पुग्न लाग्ने समयको आधारमा वडाको विवरण ४८
३.२ वडाको आम्दानीको स्रोत अनुसार वडागत विवरण ४८
३.३ वडामा मुख्य कृषिजन्य उत्पादित वस्तुको विवरण ४९
३.४ वडाबाट मुख्य कृषिजन्य निर्यात हुने उत्पादित वस्तुको वडागत विवरण ४९
३.५ वडामा मुख्य गैरकृषि उत्पादनको अवस्था अनुसार वडागत विवरण ५०
३.६ वडाबाट मुख्य गैरकृषि उत्पादन निर्यातको अवस्था अनुसार वडागत विवरण ५०
३.७ विद्यालयमा सेवा/सुविधा पहुँच अनुसार वडाको विवरण ५१
३.८ वडामा अस्पताल र अन्य स्वास्थ्य सुविधाको पहुँच अनुसर वडागत विवरण ५१
३.९ वडा भित्र रहेका वित्तीय सेवालगायतका सुविधाको उपलब्धताको विवरण ५२
३.१० वडा भित्र रहेका समाज कल्याणसँग सम्बन्धित सेवा सुविधा अनुसार वडाको विवरण ५२
३.११ वडा भित्र रहेका स्वास्थ्य संस्थामा उपलब्ध सेवा/सुविधा अनुसार वडाको विवरण ५३
३.१२ वडा भित्र रहेको सडक सुविधा अनुसार वडाको विवरण ५३

३.१३ वर्षैभरि सञ्चालन हुने कालोपत्रे सडकको लम्बाइ अनुसारको वडाको विवरण ५३
३.१४ वर्षैभरि सञ्चालन हुने ग्राभेल सडकको लम्बाइ अनुसारको वडाको विवरण ५४
३.१५ वडा भित्र वर्षैभरि सञ्चालन हुने धुले-माटे सडकको लम्बाइ अनुसारको वडाको विवरण ५४
३.१६ वडाभित्र रहेका अन्य सेवा सुविधा अनुसार वडाको संख्यात्मक विवरण ५४
३.१७ बसाईंसराईंको अवस्था अनुसार वडाको विवरण ५५
३.१८ प्राकृतिक विपद् वा प्रकोपको खतरा अनुसारको वडाको विवरण ५५
**खण्ड ४ जनसंख्याको शैक्षिक स्थिति ५६**
४.१ पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसार जनसंख्याको विवरण ५६
४.२ पाँच वर्ष र सो भन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेका तह अनुसारको जनसंख्याको विवरण ५७
४.३ विद्यालय उपस्थितिको अवस्था अनुसार ५ देखि २५ वर्ष उमेर समूह जनसंख्याको विवरण ५७
४.४ पाँच वर्ष र सो भन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेका तह अनुसारको जनसंख्याको विवरण ५८
४.५ अध्ययन गरेको विषय अनुसार पन्ध्र वर्षमाथिका दश जोड २ वा सो सरह र सो भन्दा माथिल्लो तह उत्तीर्ण गरेकाको जनसंख्याको विवरण ६०
४.६ १५-२४ वर्ष उमेर समूहका युवाहरूको लिङ्गअनुसार साक्षरताको विवरण ६१
४.७ पन्ध्र वर्ष माथिका वयस्कहरूको लिङ्गअनुसार साक्षरताको विवरण ६२
४.८ बालबालिका (५-१७ वर्ष) को लिङ्गअनुसार साक्षरताको विवरण ६२
४.९ शैक्षिक सूचकहरु ६२
तालिका नं.४.९: शैक्षिक सूचकहरुको विवरण २०८१ ६२
स्रोतः बढैयाताल गाउँपालिका ६३
४.१० शैक्षिक संस्थाहरुको विवरणः ६३
तालिका नं. ४.१० : बढैयाताल गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण २०८१ असार मसान्त सम्म ६३
स्रोतः बढैयाताल गाउँपालिका ६३
४.११ तहगतरुपमा सामुदायिक विद्यालयको शिक्षक विवरण ६४
तालिका नं. ४.११ तहगतरुपमा सामुदायिक विद्यालयको शिक्षक विवरण २०८१ ६४
स्रोतः बढैयाताल गाउँपालिका ६४
४.१२ तहगत तथा विद्यालयको किसिम अनुसार विद्यार्थी विवरण ६४
तालिका नं. ४.१२ तहगत तथा विद्यालयको किसिम अनुसार विद्यार्थी विवरण २०८१ ६४
स्रोतः बढैयाताल गाउँपालिका ६४
**खण्ड ५ स्वास्थ्य, प्रजनन तथा जन्म सम्बन्धी विवरण ६५**
५.१ आमाको उमेर समूह र हालसम्म जीवित जन्मेका बच्चाको संख्या अनुसार १५-४९ वर्ष उमेरका हालसम्म विवाहित महिलाको विवरण ६५
५.२ आमाको उमेर समूह र गत १२ महिना भित्र जीवित जन्मेका बच्चाको संख्या अनुसार १५-४९ वर्ष उमेरका हालसम्मका विवाहित महिलाको संख्या ६५
५.३ आमाको उमेर समूह र बच्चाको लिङ्गअनुसार हाल सम्म जीवित जन्मेका, जीवितै रहेका र जन्मेर मृत्यु भएका बच्चाको संख्या ६६
५.४ आमाको साक्षरता/उत्तीर्ण शैक्षिक तह अनुसार १५-४९ वर्षका महिलाबाट हाल सम्म जन्मेका बच्चाको संख्या ६७
५.५ आमाको साक्षरता/उत्तीर्ण शैक्षिक तह अनुसार गत १२ महिनामा जीवित जन्मेका बच्चाको संख्या ६८

५.६ आमाको पेशा अनुसार गत १२ महिनामा जीवित जन्मेका बच्चाहरूको संख्या ७०
५.७ आमाको संलग्नता रहेको मुख्य उद्योग र उमेर समूह अनुसार हाल सम्म जन्मेका बच्चाको संख्या ७१
५.८ आमाको मुख्य उद्योगमा संलग्नता र उमेर समूह अनुसार गत १२ महिनामा जीवित जन्मेका बच्चाको संख्या ७३
५.९ जन्म दर्ताको स्थिति अनुसार ५ वर्ष वा सो भन्दा मुनिका बालबालिकाको संख्या ७५
५.१० बढैयाताल गाउँपालिकाको स्वास्थ्य क्षेत्रको पूर्वाधारको विवरण आ.व. २०८१/८२ सम्म ७५
५.११ बढैयाताल गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको जनशक्तिको विवरण (२०८२ असार मसान्त सम्म) ७६
५.१२बढैयाताल गाउँपालिकाको स्वास्थ्य सूचकहरूको विवरण ७६
५.१३ बढैयाताल गाउँपालिकामा रहेका प्रमुख रोग तथा बिमारहरू (Top Ten Morbiditie) ७७
खण्ड-६ कृषि, वन तथा वातावरण तथ्याङ्क **७८**
६.१ कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औसत कित्ता संख्या तथा सिंचित क्षेत्रफलको विवरण ७९
६.२ जग्गाको स्वामित्व अनुसार जग्गा कमाउने परिवार संख्या तथा कमाएको जग्गाको क्षेत्रफल अनुसार विवरण ७९
६.३ कृषि-चलनले चलन गरेको जग्गाको उपयोगको विवरण ८०
६.४ विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवारको विवरण ८१
६.४(क) मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवारको विवरण ८१
६.५ बगैंचाको रूपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल, बोट संख्या, छरिएर रहेका बोट संख्या र कृषक परिवारकोविवरण ८२
६.५(क) बगैंचाको रूपमा लगाइएका मुख्य स्थायी बाली (सुन्तला र कागती)को क्षेत्रफल, बोट संख्या, छरिएर रहेका बोट संख्या र कृषक परिवारको विवरण ८३
६.५(ख) बगैंचाको रूपमा लगाइएका मुख्य स्थायी बाली(ऑप र केरा) को क्षेत्रफल, बोट संख्या, छरिएर रहेका बोट संख्या र कृषक परिवारकोविवरण ८३
६.६ प्रमुख बालीहरूमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवारको विवरण ८३
६.६(ख) प्रमुख बाली (गहुँ) मा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवारको विवरण ८४
६.७ पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवारको विवरण ८५
६.८ कृषि कार्यमा संलग्न कामदारको विवरण ८५
६.९ कृषि कार्यमा कामदारको किसिमअनुसार कामदारहरूको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या ८६
६.१० कृषि ऋण, थप ऋणको आवश्यकता, बीमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवारको विवरण ८६
६.११ जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवारको विवरण ८७
६.१२ कृषि चलनबाट निस्किएका फोहोरको निम्नानुसार व्यवस्थापन गरेका कृषक परिवारको विवरण ८७
६.१३ मुख्य कृषकको संख्या तथा कृषक परिवारको जनसंख्याको विवरण (लिङ्गअनुसार) ८८
६.१४ लिङ्गअनुसार कृषि तालिम, कृषि कार्य सम्बन्धी निर्णयमा सहभागिता तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने १० वर्ष वा सोभन्दा माथि उमेरका कृषक परिवारको जनसंख्याको विवरण ८८
६.१५ परिवारमूली र कृषि चलनको स्थितिको विवरण ८८
६.१६ कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवारको विवरण ८९
६.१७ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवारको विवरण ८९
६.१८ कृषक परिवारको आम्दानीको मुख्य स्रोत, आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषिचलनको अवस्था तथा परिवारलाई खान नपुग्ने अवधिअनुसार कृषक परिवारको विवरण ९०

६.१९ विभिन्न बालीले ढाकेको क्षेत्र ९०
६.२० कृषि सम्बन्धी सूचकहरू ९१
६.२१ बालीनालीमा देखिएका प्रमुख रोगहरू ९१
६.२२ मूख्य वनस्पति तथा वन्य जन्तुहरु ९१
६.२३ स्थानीय तहमा रहेको वनको किसिम अनुसार विवरण ९१
६.२४ भु-उपयोगको अवस्था ९२
**खण्ड ७ बसाईंसराईं को अवस्था ९३**
७.१ जन्मस्थान र ५ वर्ष उमेर समूहका जनसंख्याको लिङ्गअनुसार विवरण ९३
७.२ प्रदेशगत जन्म र लिङ्गअनुसार जनसंख्याको विवरण ९४
७.३ देश/क्षेत्र र वृहत उमेर समूह अनुसार विदेशमा जन्मेको जनसंख्याको विवरण ९५
७.४ पछिल्लो पटकको बसाईको स्थानको आधारमा जनसंख्याको विवरण ९६
७.५ पछिल्लो पटक बसाईसरेको भौगोलिक अवस्थितिको आधारमा जनसंख्याको विवरण ९७
७.६ पछिल्लो पटक बसाईसरी आएको प्रदेशको आधारमा जनसंख्याको विवरण ९८
७.७ हालै बसाईसरी आएको जनसंख्याको विवरण (बसाईको अवधि, लिङ्ग र उमेर समूह अनुसार) ९८
७.८ अघिल्लो बसोबास हालको भन्दा फरक भएको र बसाईसरी आउनुको कारणको आधारमा जनसंख्या १००
७.९ अघिल्लो बसोबास विदेश (देश/क्षेत्र) भएको र बसाईंसराईंको कारणको आधारमा जनसंख्याको विवरण १०१
**खण्ड ८ आर्थिक क्रियाकलाप १०२**
८.१ राष्ट्रिय आर्थिक गणनाको परिचय १०२
८.२ बढैयाताल गा.पा.मा रहेका प्रतिष्ठान संख्या र संलग्न जनशक्ति (वडाअनुसार) १०३
८.३ नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति १०४
८.४ राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक क्रियाकलाप सम्बन्धी विवरण १०५
८.५ बढैयाताल गाँउपालिकाको आर्थिकरूपले सक्रिय र निष्क्रिय जनसंख्याको अवस्था १०५
८.६ मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या १०७
८.७ मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या १०८
८.८ कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या १०९
८.९ आर्थिक रुपले निष्क्रिय वा विगत १२ महिनामा ६ महिना भन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसंख्या १११
**खण्ड-९ विविध ११२**
९.१ स्थानीय तह (बढैयाताल गाँउपालिका) निर्वाचन २०७९ निर्वाचित राजनीतिक दल/स्वतन्त्र पदाधिकारीहरूको विवरण ११२
९.२ सामाजिक सुरक्षा भत्ता विवरणको अवस्था (२०८१/०८२) ११३
९.३ मुद्दा/ विवाद दर्ता तथा फछर्यौंट सम्वन्धी विवरण ११३
९.४ मुद्दा/ विवादको प्रकृति अनुसारको संख्या ११३
९.५ बढैयाताल गाउँपालिकाको गौरबका प्रमुख पाँच आयोजनाहरु ११४
९.६ बढैयाताल गाउँपालिकाको विकासका प्रमुख सम्भावनाहरु ११४
**खण्ड १० तथ्याङ्क समन्वय कार्यालय, दाङको विवरण ११५**
१०.१ तथ्याङ्क समन्वय कार्यालय, दाङको परिचय ११५
१०.२ तथ्याङ्क समन्वय कार्यालय, दाङको स्वीकृत दरबन्दी विवरण ११५

१०.३ तथ्याङ्क समन्वय कार्यालय, दाङको सांगठनिक संरचना ११६
१०.४ तथ्याङ्क समन्वय कार्यालय दाङ बाट गरिने मुख्य-मुख्य कार्यहरू ११६
१०.५ स्थापना कालदेखि हालसम्मका कार्यालय प्रमुखहरूको नामावली ११६
१०.६ हाल (२०८२ असार) कार्यरत कर्मचारीहरूको नामावली विवरण ११७
अनुसूचीहरु ११७
अनुसूचीः-१ ११७
अनुसूचीः-२ ११८
अनुसूचीः-३ ११९
१२४

# खण्ड १ बढैयाताल गाउँपालिकाको चिनारी

## १.१ संक्षिप्त परिचय

बढैयाताल गाउँपालिका नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित रहेको छ। नेपाल सरकारले मिति २०७३/११/२७ मा साविकका जमुनी, सोरहवा, कालिका र मैनापोखर गा.वि.स. समावेश गरी ९ वडाहरु कायम गरी बढैयाताल गाउँपालिका गठन गरिएको हो । नेपालको पूर्व देखि पश्चिमसम्म फैलिएको हुलाकी राजमार्ग यस गाउँपालिकाको मुख्य रागमार्गको रुपमा रहेको छ। यस गाउँपालिकाको अर्को महत्वपूर्ण बिशेषताका रुपमा बढैया ताल रहेको छ ।बढैयाताल प्राकृतिक सौन्दर्ताले भरिपूर्ण र विभिन्न दुर्लभ चराचुरुङ्गीहरुको बासस्थानको आकर्षणको केन्द्र रहेको छ ।विशेषगरी साइबेरियन हाँस प्रजातिका चराहरु यहाँ देख्न सकिन्छ ।यस तालमा कमलका फूलहरु पनि पर्याप्त मात्रामा देख्न सकिन्छ । यो ताल १०९ बिगाह क्षेत्रफलमा फैलिएको छ ।यसै गरी बढैयाताल गाउँपालिकामा प्राचिन शिव मन्दिर,प्राचीन कालिका मन्दिर, दुई मोहना, नागमणि नाथ मन्दिर जस्ता धार्मिक तथा ऐतिहसिक महत्वका सम्पदा रहेका छन् जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने गरेको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरपरिवार संख्या १२,९६१ रहेको छ भने कुल जनसंख्या ५२,८१८ रहेको छ। जस मध्ये २४,३८४ पुरुष र २८,४३४ महिला रहेका छन्। यस नगरपालिकालाई ९ वडामा विभाजन गरिएको छ जसको क्षेत्रफल ११५.१९ वर्ग किलोमिटर रहेको छ।

## १.२ सिमाना

पूर्वः खजुरा गाउँपालिका र बैजनाथ गाउँपालिका,बाँके
पश्चिमः गुलरिया नगरपालिका,बर्दिया
उत्तरः बारबर्दिया नगरपालिका,बर्दिया
दक्षिणः भारतको उत्तर प्रदेश (बहराईच जिल्ला)

## १.३ भौगोलिक अवस्थिति

बढैयाताल गाउँपालिका तराई क्षेत्रमा पर्दछ र समुद्र सतह देखि १४३ मिटर देखि १५७ मिटर उचाई सम्ममा रहेको छ। भौगोलिक अवस्थितिको हिसाबले यो गाउँपालिका ८१°२३'१७" देखि ८१°३३'४९" पूर्वी देशान्तर र २८°०४'११" देखि २८°१३'५८" उत्तरी अक्षांशमा फैलिएको छ ।यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ। समथर तराई क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती तथा गाउँ विस्तारको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका नदीनाला र ताल पोखरी जस्ता प्राकृक्तिक श्रोत साधनमा पनि धनी गाउँपालिका हो ।

## १.४ राजनैतिक तथा प्रशासनिक केन्द्र

बढैयाताल गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश स्थित बर्दिया जिल्लाको दक्षिण क्षेत्रमा अवस्थित छ। कुल ९ वडा रहेको यस गाउँपालिका बर्दिया जिल्लामा कायम ८ स्थानीय तह मध्ये एक गाउँपालिका हो। यो गाउँपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ मा पर्दछ। नेपालको संविधान बमोजिम संघीय शासन प्रणाली अनुसार स्थापित बढैयाताल गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं.१.१ :बढैयाताल गाउँपालिकाको राजनैतिक विभाजन (वडा विभाजन)**

| वडा नं. | समावेश भएका साबिकका गा.वि.स./न.पा.हरू | साबिकको वडा नं. |
|---|---|---|
| १ | जमुनी | ६—९ |
| २ | जमुनी | १—५ |
| ३ | सोरहवा | ६—९ |

| | | |
|---|---|---|
| ४ | सोरहवा | ३—५ |
| ५ | सोरहवा | १, २ |
| | मैनापोखर | ३ |
| ६ | मैनापोखर | १,२,४,६,८,९ |
| ७ | मैनापोखर | ५, ७ |
| | कालिका | १, २, ९ |
| ८ | कालिका | १, २, ३ |
| ९ | कालिका | ३, ५—८ |
| १० | कालिका | ४ |

स्रोतः बढैयाताल गाउँपालिका

## १.५ ऐतिहासिक चिनारी तथा नामाकरणः

बढैयाताल गाउँपालिका नेपालको लुम्विनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ । यस गाउँपालिकामा रहेको प्राकृतिक सौन्दर्यले भरिपूर्ण बढैयातालको नामबाट यस पालिकाको नामाकरण गरिएको हो । यो गाउँपालिका लुम्विनी प्रदेश क्षेत्रको एउटा प्रमुख धार्मिक, ऐतिहासिक तथा व्यवसायिक औधोगिक क्षेत्र हो ।यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी.क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ । साविकका जमुनी,सोरहवा,मैनापोखर र कालिका गा.वि.स.हरुलाई समावेस गरी नेपाल सरकारको २०७३/११/२७ गतेको घोषणा अनुसार बढैयाताल गाउँपालिका नाम रहन गएको हो ।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बढैयाताल गाउँपालिका रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ र सोही अनुसार विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होलि, महाशिवरात्री, माघी, कृष्णजन्माष्टमी, बकरइद, रमजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## १.६ धरातलीय अवस्थाः

### १.६.१ माटोको बनावट र उर्वराशक्ति

गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलनजस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोटअनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

क) Slope = १°-५° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने) यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गढ़ाहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ । यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइ भएमा हिउँदे एवं वसन्ते बाली पनि लगाउन सकिन्छ।

ख) Slope = ५°-३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मख) Slope = ५°-३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने) ५०-३०० स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से. मी. देखि १०० से. मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिनेजस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन । त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रथय दिन ठीक हुँदैन । तर, पालैपालो निश्चित स्वानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुर्‍याउँछ । यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ । सिंचाइको प्रयोग नियमित रूपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ ।

## १.७ जलवायु तथा वर्षा

जलवायुको हिसाबले यस गाउँपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाहै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधर मानि **बढैयाताल** गाउँपालिकाको तापक्रम अनुमान गरिएको छ । गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यहाँ उष्ण मनसुनी हावापानीको प्रभाव छ। यस गाउँपालिकामा हिउँदको समयमा राम्रोसँग घाम नलाग्ने र हुस्सुको अत्यधिक प्रभावले शीत लहर चली अति जाडो हुने गर्दछ ।गर्मी याममा अत्यधिक गर्मी हुने र चैत्र वैशाख महिनामा लु समेत चल्ने गर्छ ।

## १.८ भू-उपयोग तथा प्राकृतिक सम्पदा

प्राकृतिक स्रोतका दृष्टिले यस गाउँपालिकाको सबैभन्दा प्रमुख प्राकृतिक तथा पर्यटकीय सम्पदा **'बढैया ताल'** नै हो। यो एक विशाल प्राकृतिक जलाशय तथा सिमसार क्षेत्र )Wetland) हो, जसले स्थानीय पारिस्थितिकीय प्रणाली )Ecosystem) लाई सन्तुलित राख मद्दत पुर्‍याएको छ। यो ताल विभिन्न प्रजातिका रैथाने तथा आगन्तुक चराचुरुङ्गी, जलचर र माछा पालनका लागि प्रसिद्ध छ।यस क्षेत्रको सिमाना र आन्तरिक भूभागमा बग्ने **मान खोला, डडुवा नदी, चपला नाला, र ग्याङ नदी** यहाँका मुख्य जलस्रोत हुन्। यिनीहरूले कृषि सिँचाइका लागि पानीको उपलब्धता सहज बनाएका छन् । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा रहेका केही पोखरीहरू साथै नदी नालाहरु र सिमक्षेत्रहरु पर्यावरणका अभिन्न पक्षहरु हुन जसने विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै पस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिक रुपमा सिचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। भू उपयोगको देहाय अनुसार रहेको छ।

तालिका नं.१.२: बढैयाताल गाउँपालिकाको भू उपयोगको विवरण

| सि.नं. | विवरण | क्षेत्रफल | |
|---|---|---|---|
| | | हेक्टरमा | प्रतिशत |
| १ | आवादी तथा खेतीयोग्य जमिन | ७२१८ | ६२.९७ |
| २ | बनको क्षेत्रफल | ११५८ | १०.१० |
| ३ | अन्य (चट्टान, नदी, बगर आदी ) | ३०८६ | २६.९२ |
| ४ | जिल्लाका कुल क्षेत्रफल | ११४६२ | १०० |

स्रोतः बढैयाताल गाउँपालिका

## १.९ साँस्कृतिक विशेषता

बढैयाताल गाउँपालिका जैविक रूपमा मात्र नभई सामाजिक र सांस्कृतिक रूपमा पनि अत्यन्तै विविधतायुक्त र उत्कृष्ट छ। यहाँ विभिन्न जातजाति, भाषाभाषी र धर्मका मानिसहरू लामो समयदेखि आपसी सद्भावका साथ बस्दै आएका छन्। यहाँ सबैभन्दा बढी **नेपाली भाषा** (करीब ५०.७२%) र **थारु भाषा** (करीब ३६.०४%) बोलिन्छ। यसका साथै अवधी, उर्दू, मगर, र हिन्दी भाषा बोल्ने समुदायको पनि यहाँ उल्लेखनीय उपस्थिति रहेको छ। यसैगरी थारु समुदायको सघन बसोबास (करीब ३६.२४% थारु जनसंख्या) रहनुका साथै खस-आर्य (ब्राह्मण, क्षेत्री, ठकुरी), जनजाति (मगर, गुरुङ, नेवार), दलित र मुसलमान समुदायको मिश्रित बसोबासले यस क्षेत्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाएको छ।

## १.१० विकासका उपलब्धि र संभावना

बढैयाताल गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूंजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस नगरपालिकामा विकासका प्रशस्त सम्भावनाहरूको आंकलन गर्न सकिन्छ। गाउँ विकासका संम्भावनाहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### प्राकृतिक क्षेत्र

- उष्ण तर तुलनात्मक चिसो र वसोवास योग्य हावापानी रहेको
- धेरैजसो क्षेत्र नदी वेसी तथा तटीय क्षेत्र रहेको
- बन, झाडी क्षेत्र र कृषि योग्य जमिनको संयोजन रहेको
- मान खोला एवं बढैयाताल ताल जस्ता जलस्रोतका राम्रो सम्भावना रहेको

### आर्थिक क्षेत्र

- खाद्यान्न, दलहन, तेलहन, आँप तथा लिची पर्याप्त उत्पादन रहेको
- गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस जस्ता पशुपंक्षीजन्य उत्पादन क्षेत्र रहेको
- बैंक तथा वित्तीय क्षेत्र र सहकारीको विस्तार भैरहेको
- बढैयाताल को रमणीण प्राकृतिक वातावरण दुर्गा मन्दिर जस्ता पर्यटकीय क्षेत्र रहेको
- शितला बजार, मैनापोखर, सीतापुर लगायतका विभिन्न स्थानीय बजार रहेको

### भौतिक पूर्वाधार

**तालिका नं.१.३: सडक पूर्वाधार सम्बन्धी विवरण** (आ. व. २०८१/०८२ को विवरण)

| सि नं | सडकको प्रकार | लम्वाई (कि मि) |
|---|---|---|
| १ | कालो पत्रे | १६.०७२ |
| २ | ग्राभेल | ६.९०९ |
| ३ | कच्ची (माटे) | ०.३९६ |

स्रोतः बैयाताल गाउँपालिका

## १.११ मूख्य वनस्पति तथा बन्यजन्तुहरुः

**तालिका नं. १.४**

| सि नं | वनस्पतिहरु | वन्य जन्तुहरु | चराचुरुङ्गीहरु | जडिबुटिहरु |
|---|---|---|---|---|
| १ | साल | चित्तल | काग | हर्रो |
| २ | कर्मा | रतुवा | कालिज | बर्रो |
| ३ | जामुन | बाँदेल | कोइली | तुलसी |
| ४ | खायर | निलगाई | सेतो बकुल्ला | सर्पगन्धा |
| ५ | सिमल | वन बिरालो | लाटोकोसेरो | गुर्जो |
| ६ | सिसौ | न्याउरी मुसो | बाज | नीम |
| ७ | राजवृक्ष | रातो बाँदर | चिल | बोज्हो |

| सि नं | वनस्पतिहरु | वन्य जन्तुहरु | चराचुरुङ्गीहरु | जडिबुटिहरु |
|---|---|---|---|---|
| ८ | महुवा | लोखर्के | सुगा | बेल |
| ९ | विजयसाल | चितुवा | तामे ढुकुर | रिठा |
| १० | कुसुम | रातो बाँदर | जुरेली | आमला |

स्रोतः बैयाताल गाउँपालिका

## १.१२ बनको किसिमअनुसारको विवरण

तालिका नं.१.५

| सि नं | वनको प्रकार | संख्या | ओगटेको जम्मा क्षेत्रफल हेक्टरमा |
|---|---|---|---|
| १ | सामुदायिक वन | ५ | २६४.१६ |
| २ | निजी बन | १ | ०.१३ |

स्रोतः बैयाताल गाउँपालिका

## १.१३ ब्यापारिक महत्वका स्थानहरुको विवरण

तालिका नं.१.६

| सि.नं. | ब्यापारिक स्थानको नाम | अवस्थित वडा |
|---|---|---|
| १ | मैनापोखर | ६ |
| २ | सितलावजार | ८ |
| ३ | भौलागौडि | ३ |
| ४ | जमुनी | २ |
| ५ | चौधरी बजार | ४ |

स्रोतः बैयाताल गाउँपालिका

## १.१४ सामाजिक संरक्षण गृहहरुको संख्या

तालिका नं.१.७

| सि.नं | विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| १ | बालगृह | संख्या | ० |
| २ | अपाङ्ग पुर्नस्थापन केन्द्र | संख्या | १ |
| ३ | मानसिक अस्पताल | संख्या | ० |
| ४ | बृद्धाश्रम | संख्या | ३ |

स्रोतः बैयाताल गाउँपालिका

# खण्ड २ घरपरिवार तथा जनसांख्यिक विवरण

यस खण्डमा राष्ट्रिय जनगणना, २०७८ बाट प्राप्त नतिजाको आधारमा घरपरिवार तथा जनसंख्या सम्बन्धी विवरणहरू संलग्न गरी तालिका र चित्रको माध्यमबाट प्रस्तुत गरिएको छ। यसमा राष्ट्रिय जनगणना, २०७८ बाट प्राप्त विशेषतः बढैयाताल गाँउपालिकाको घरको स्वामित्व, घरको जगको बनोट, घरको बाहिरी भित्ता, घरको छाना, घरको भुई, मुख्य पिउने पानीको स्रोत, खाना पकाउन प्रयोग गरिने इन्धन, अक्सर बत्ती बाल्न प्रयोग गरिने इन्धन, शौचालयको प्रकार, घरपरिवारमा भएका सुविधा, घरजग्गामा महिलाको स्वामित्व, लघु उद्यम (कृषि बाहेक) संचालक, परिवारमूली, उमेर समूहअनुसार जनसंख्या, वैवाहिक स्थिति, धर्म, जातजाति, भाषाभाषी, वैवाहिक अवस्था, बसाईंसराईं लगायतका विवरण समावेश गरिएको छ।

## २.१ जनसंख्या, घरपरिवार संख्या, परिवारको औसत आकार र लैङ्गिक अनुपातको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार बढैयाताल गाँउपालिकाको जनसंख्या ५२,८१८ रहेको छ, जुन २०६८ सालको जनसंख्या ४७,८६८ को तुलनामा ४,९५० ले बढी देखिन्छ। यसरी उक्त अवधिमा नगरपालिकाको जनसंख्या १०.३८% ले वृद्धि भएको देखिन्छ। यहाँको लैङ्गिक अनुपात ८९.७६ अर्थात १०० जना महिलामा ९८.७६ जना पुरुष रहेको देखिन्छ। बढैयाताल गाँउपालिकाको विवरणलाई तलको चित्र र तालिकाद्वारा प्रस्तुत गरिएको छ।










स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. २.१: परिवारसंख्या, जनसंख्या तथा लैंगिक अनुपात २०६८ र २०७८

| क्षेत्र | २०६८ | | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जनसंख्या | परिवार संख्या | जनसंख्या | | | औसत परिवार संख्या | लैङ्गिक अनुपात |
| | | | | जम्मा | पुरुष | महिला | | |
| बर्दिया जिल्ला | ८३१४७ | ४२३६११ | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ |
| बढैयाताल गाँउपालिका | १०३३३ | ४७८६८ | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४.०८ | ८५.७६ |
| वडा नं. १ | १२५५ | ५५५० | १५१४ | ५६०० | २३५६ | ३२४४ | ३.७० | ७२.६३ |
| २ | १३४६ | ५९८९ | १६२० | ६५८८ | २९९० | ३५९८ | ४.०७ | ८३.१० |
| ३ | १२२१ | ६०९५ | १६०८ | ६९६९ | ३२८९ | ३६८० | ४.३३ | ८९.३८ |
| ४ | १००६ | ४८८२ | १४०३ | ५८३४ | २७०६ | ३१२८ | ४.१६ | ८६.५१ |
| ५ | ८७१ | ४४५६ | ११३२ | ५०८९ | २४४३ | २६४६ | ४.५० | ९२.३३ |
| ६ | ११३२ | ५४६७ | १४११ | ५७४४ | २७०३ | ३०४१ | ४.०७ | ८८.८९ |
| ७ | १०२३ | ५२०६ | १३३५ | ५७३० | २७०९ | ३०२१ | ४.२९ | ८९.६७ |
| ८ | १२८८ | ५६६६ | १५३५ | ६१४१ | २८२७ | ३३१४ | ४.०० | ८५.३० |
| ९ | ११९१ | ४५५७ | १४०३ | ५१२३ | २३६१ | २७६२ | ३.६५ | ८५.४८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.२ उमेर तथा लिङ्गअनुसार जनसंख्याको विवरण

बढैयाताल गाँउपालिकामा जनसंख्याको उमेरगत संरचना अनुसार सबैभन्दा बढी २० वर्षका २.१७% देखिन्छ भने १०० वर्ष वा सो भन्दा माथि ११ जना रहेका छन्।

तालिका नं.२.२:उमेरगत जनसंख्या विवरण

| उमेर | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ५२८१८ | १०० | २४३८४ | १०० | २८४३४ | १०० |
| ० वर्ष | ७८७ | १.४९ | ३९२ | १.६१ | ३९५ | १.३९ |
| १ वर्ष | ८४२ | १.५९ | ४६१ | १.८९ | ३८१ | १.३४ |
| २ वर्ष | ९४९ | १.८० | ५०५ | २.०७ | ४४४ | १.५६ |
| ३ वर्ष | ९०१ | १.७१ | ४८१ | १.९७ | ४२० | १.४८ |
| ४ वर्ष | ९६८ | १.८३ | ५१८ | २.१२ | ४५० | १.५८ |
| ५ वर्ष | ९८२ | १.८६ | ५१८ | २.१२ | ४६४ | १.६३ |
| ६ वर्ष | ९६० | १.८२ | ५१९ | २.१३ | ४४१ | १.५५ |
| ७ वर्ष | ९८५ | १.८६ | ५०८ | २.०८ | ४७७ | १.६८ |
| ८ वर्ष | १०३९ | १.९७ | ५३५ | २.१९ | ५०४ | १.७७ |
| ९ वर्ष | ९०० | १.७० | ४६३ | १.९० | ४३७ | १.५४ |
| १० वर्ष | १११९ | २.१२ | ५८३ | २.३९ | ५३६ | १.८९ |
| ११ वर्ष | ९२६ | १.७५ | ४७४ | १.९४ | ४५२ | १.५९ |
| १२ वर्ष | ११०४ | २.०९ | ५३४ | २.१९ | ५७० | २.०० |
| १३ वर्ष | ९६४ | १.८३ | ४८९ | २.०१ | ४७५ | १.६७ |

| उमेर | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १४ वर्ष | १०९२ | २.०७ | ५५० | २.२६ | ५४२ | १.९१ |
| १५ वर्ष | ११३३ | २.१५ | ५२७ | २.१६ | ६०६ | २.१३ |
| १६ वर्ष | ९८३ | १.८६ | ४७८ | १.९६ | ५०५ | १.७८ |
| १७ वर्ष | ९३४ | १.७७ | ४५६ | १.८७ | ४७८ | १.६८ |
| १८ वर्ष | १११५ | २.११ | ५६३ | २.३१ | ५५२ | १.९४ |
| १९ वर्ष | ८७४ | १.६५ | ३७१ | १.५२ | ५०३ | १.७७ |
| २० वर्ष | ११४८ | २.१७ | ४८१ | १.९७ | ६६७ | २.३५ |
| २१ वर्ष | ९११ | १.७२ | ३७५ | १.५४ | ५३६ | १.८९ |
| २२ वर्ष | ९४६ | १.७९ | ३७३ | १.५३ | ५७३ | २.०२ |
| २३ वर्ष | ८७८ | १.६६ | ३१७ | १.३० | ५६१ | १.९७ |
| २४ वर्ष | ८९८ | १.७० | ३४७ | १.४२ | ५५१ | १.९४ |
| २५ वर्ष | १११० | २.१० | ४३४ | १.७८ | ६७६ | २.३८ |
| २६ वर्ष | ९३७ | १.७७ | ३५५ | १.४६ | ५८२ | २.०५ |
| २७ वर्ष | ७९५ | १.५१ | ३१३ | १.२८ | ४८२ | १.७० |
| २८ वर्ष | ९५१ | १.८० | ३७० | १.५२ | ५८१ | २.०४ |
| २९ वर्ष | ६९८ | १.३२ | २९१ | १.१९ | ४०७ | १.४३ |
| ३० वर्ष | १०६० | २.०१ | ४१० | १.६८ | ६५० | २.२९ |
| ३१ वर्ष | ५९२ | १.१२ | २३९ | ०.९८ | ३५३ | १.२४ |
| ३२ वर्ष | ८३४ | १.५८ | ३३८ | १.३९ | ४९६ | १.७४ |
| ३३ वर्ष | ६५५ | १.२४ | २४९ | १.०२ | ४०६ | १.४३ |
| ३४ वर्ष | ६०८ | १.१५ | २४७ | १.०१ | ३६१ | १.२७ |
| ३५ वर्ष | १०५४ | २.०० | ४१३ | १.६९ | ६४१ | २.२५ |
| ३६ वर्ष | ६८५ | १.३० | २६३ | १.०८ | ४२२ | १.४८ |
| ३७ वर्ष | ६२८ | १.१९ | २३० | ०.९४ | ३९८ | १.४० |
| ३८ वर्ष | ८२१ | १.५५ | ३५१ | १.४४ | ४७० | १.६५ |
| ३९ वर्ष | ५६४ | १.०७ | २३५ | ०.९६ | ३२९ | १.१६ |
| ४० वर्ष | १०९१ | २.०७ | ४६१ | १.८९ | ६३० | २.२२ |
| ४१ वर्ष | ४४८ | ०.८५ | २१९ | ०.९० | २२९ | ०.८१ |
| ४२ वर्ष | ७२३ | १.३७ | ३१८ | १.३० | ४०५ | १.४२ |
| ४३ वर्ष | ५१४ | ०.९७ | २०६ | ०.८४ | ३०८ | १.०८ |
| ४४ वर्ष | ४५६ | ०.८६ | १९६ | ०.८० | २६० | ०.९१ |
| ४५ वर्ष | ९४४ | १.७९ | ४३९ | १.८० | ५०५ | १.७८ |
| ४६ वर्ष | ५२७ | १.०० | २७० | १.११ | २५७ | ०.९० |
| ४७ वर्ष | ३४८ | ०.६६ | १७१ | ०.७० | १७७ | ०.६२ |
| ४८ वर्ष | ५२६ | १.०० | २३६ | ०.९७ | २९० | १.०२ |
| ४९ वर्ष | ४०९ | ०.७७ | १९५ | ०.८० | २१४ | ०.७५ |

| उमेर | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० वर्ष | ९६८ | १.८३ | ४३५ | १.७८ | ५३३ | १.८७ |
| ५१ वर्ष | ४९० | ०.९३ | २२३ | ०.९१ | २६७ | ०.९४ |
| ५२ वर्ष | ५४० | १.०२ | २६७ | १.०९ | २७३ | ०.९६ |
| ५३ वर्ष | ५११ | ०.९७ | २६२ | १.०७ | २४९ | ०.८८ |
| ५४ वर्ष | ३८८ | ०.७३ | १८३ | ०.७५ | २०५ | ०.७२ |
| ५५ वर्ष | ६५४ | १.२४ | ३१९ | १.३१ | ३३५ | १.१८ |
| ५६ वर्ष | ४२९ | ०.८१ | २०५ | ०.८४ | २२४ | ०.७९ |
| ५७ वर्ष | २९९ | ०.५७ | १६२ | ०.६६ | १३७ | ०.४८ |
| ५८ वर्ष | ४१९ | ०.७९ | २०५ | ०.८४ | २१४ | ०.७५ |
| ५९ वर्ष | २८८ | ०.५५ | १४७ | ०.६० | १४१ | ०.५० |
| ६० वर्ष | ६२७ | १.१९ | ३०९ | १.२७ | ३१८ | १.१२ |
| ६१ वर्ष | २४७ | ०.४७ | १३५ | ०.५५ | ११२ | ०.३९ |
| ६२ वर्ष | ३२९ | ०.६२ | १५४ | ०.६३ | १७५ | ०.६२ |
| ६३ वर्ष | २४१ | ०.४६ | १०२ | ०.४२ | १३९ | ०.४९ |
| ६४ वर्ष | २२० | ०.४२ | ९८ | ०.४० | १२२ | ०.४३ |
| ६५ वर्ष | ४४६ | ०.८४ | १७२ | ०.७१ | २७४ | ०.९६ |
| ६६ वर्ष | २८० | ०.५३ | १३३ | ०.५५ | १४७ | ०.५२ |
| ६७ वर्ष | २६० | ०.४९ | १३५ | ०.५५ | १२५ | ०.४४ |
| ६८ वर्ष | ३५३ | ०.६७ | १६९ | ०.६९ | १८४ | ०.६५ |
| ६९ वर्ष | २७१ | ०.५१ | १५१ | ०.६२ | १२० | ०.४२ |
| ७० वर्ष | ४०० | ०.७६ | २०० | ०.८२ | २०० | ०.७० |
| ७१ वर्ष | २५४ | ०.४८ | १२४ | ०.५१ | १३० | ०.४६ |
| ७२ वर्ष | २५७ | ०.४९ | १३९ | ०.५७ | ११८ | ०.४१ |
| ७३ वर्ष | १७४ | ०.३३ | ८९ | ०.३६ | ८५ | ०.३० |
| ७४ वर्ष | १५२ | ०.२९ | ७८ | ०.३२ | ७४ | ०.२६ |
| ७५ वर्ष | २२८ | ०.४३ | १०७ | ०.४४ | १२१ | ०.४३ |
| ७६ वर्ष | १२५ | ०.२४ | ७० | ०.२९ | ५५ | ०.१९ |
| ७७ वर्ष | ११२ | ०.२१ | ५९ | ०.२४ | ५३ | ०.१९ |
| ७८ वर्ष | ९३ | ०.१८ | ५५ | ०.२३ | ३८ | ०.१३ |
| ७९ वर्ष | ४६ | ०.०९ | २९ | ०.१२ | १७ | ०.०६ |
| ८० वर्ष | १२१ | ०.२३ | ५६ | ०.२३ | ६५ | ०.२३ |
| ८१ वर्ष | २२ | ०.०४ | १० | ०.०४ | १२ | ०.०४ |
| ८२ वर्ष | ४० | ०.०८ | २१ | ०.०९ | १९ | ०.०७ |
| ८३ वर्ष | ३३ | ०.०६ | १८ | ०.०७ | १५ | ०.०५ |
| ८४ वर्ष | ३३ | ०.०६ | २० | ०.०८ | १३ | ०.०५ |
| ८५ वर्ष | ४१ | ०.०८ | २५ | ०.१० | १६ | ०.०६ |

| उमेर | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ८६ वर्ष | १७ | ०.०३ | ७ | ०.०३ | १० | ०.०४ |
| ८७ वर्ष | १८ | ०.०३ | ९ | ०.०४ | ९ | ०.०३ |
| ८८ वर्ष | १३ | ०.०२ | ६ | ०.०२ | ७ | ०.०२ |
| ८९ वर्ष | ८ | ०.०२ | ६ | ०.०२ | २ | ०.०१ |
| ९० वर्ष | १५ | ०.०३ | ६ | ०.०२ | ९ | ०.०३ |
| ९१ वर्ष | २ | ०.०० | १ | ०.०० | १ | ०.०० |
| ९२ वर्ष | ५ | ०.०१ | ३ | ०.०१ | २ | ०.०१ |
| ९३ वर्ष | ५ | ०.०१ | १ | ०.०० | ४ | ०.०१ |
| ९४ वर्ष | १ | ०.०० | ० | ०.०० | १ | ०.०० |
| ९५ वर्ष | ५ | ०.०१ | ३ | ०.०१ | २ | ०.०१ |
| ९६ वर्ष | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ९७ वर्ष | २ | ०.०० | १ | ०.०० | १ | ०.०० |
| ९८ वर्ष | ५ | ०.०१ | ३ | ०.०१ | २ | ०.०१ |
| ९९ वर्ष | ४ | ०.०१ | २ | ०.०१ | २ | ०.०१ |
| १०० वर्ष+ | ११ | ०.०२ | ३ | ०.०१ | ८ | ०.०३ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.३ उमेर समूह अनुसार जनसंख्याको विवरण

बढैयाताल गाँउपालिकाको कुल जनसंख्या ५२,८१८ रहेको छ। कुल जनसंख्याको ४६.१७% पुरुष छन् भने ५३.८३% महिला छन्। सबैभन्दा धेरै १०-१४ वर्ष उमेर समूहको जनसंख्या ५,२०५ रहेको छ, जुन कुल जनसंख्याको ९.८५% हुन आउँछ।



तालिका नं. २.३: उमेर समूहअनुसार जनसंख्याको संरचना

| उमेरसमूह (वर्षमा) | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ५२८१८ | १०० | २४३८४ | १०० | २८४३४ | १०० |
| ००-०४ वर्ष | ४४४७ | ८.४२ | २३५७ | ९.६७ | २०९० | ७.३५ |
| ०५-०९ वर्ष | ४८६६ | ९.२१ | २५४३ | १०.४३ | २३२३ | ८.१७ |
| १०-१४ वर्ष | ५२०५ | ९.८५ | २६३० | १०.७९ | २५७५ | ९.०६ |
| १५-१९ वर्ष | ५०३९ | ९.५४ | २३९५ | ९.८२ | २६४४ | ९.३० |
| २०-२४ वर्ष | ४७८१ | ९.०५ | १८९३ | ७.७६ | २८८८ | १०.१६ |
| २५-२९ वर्ष | ४४९१ | ८.५० | १७६३ | ७.२३ | २७२८ | ९.५९ |
| ३०-३४ वर्ष | ३७४९ | ७.१० | १४८३ | ६.०८ | २२६६ | ७.९७ |
| ३५-३९ वर्ष | ३७५२ | ७.१० | १४९२ | ६.१२ | २२६० | ७.९५ |
| ४०-४४ वर्ष | ३२३२ | ६.१२ | १४०० | ५.७४ | १८३२ | ६.४४ |
| ४५-४९ वर्ष | २७५४ | ५.२१ | १३११ | ५.३८ | १४४३ | ५.०७ |
| ५०-५४ वर्ष | २८९७ | ५.४८ | १३७० | ५.६२ | १५२७ | ५.३७ |
| ५५-५९ वर्ष | २०८९ | ३.९६ | १०३८ | ४.२६ | १०५१ | ३.७० |
| ६०-६४ वर्ष | १६६४ | ३.१५ | ७९८ | ३.२७ | ८६६ | ३.०५ |
| ६५-६९ वर्ष | १६१० | ३.०५ | ७६० | ३.१२ | ८५० | २.९९ |
| ७०-७४ वर्ष | १२३७ | २.३४ | ६३० | २.५८ | ६०७ | २.१३ |
| ७५-७९ वर्ष | ६०४ | १.१४ | ३२० | १.३१ | २८४ | १.०० |
| ८०-८४ वर्ष | २४९ | ०.४७ | १२५ | ०.५१ | १२४ | ०.४४ |
| ८५-८९ वर्ष | ९७ | ०.१८ | ५३ | ०.२२ | ४४ | ०.१५ |
| ९०-९४ वर्ष | २८ | ०.०५ | ११ | ०.०५ | १७ | ०.०६ |
| ९५+ वर्ष | २७ | ०.०५ | १२ | ०.०५ | १५ | ०.०५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.४ परिवारमूलीको लिङ्गअनुसार विवरण

बढैयाताल गाँउपालिकामा पुरुष परिवारमूलीको संख्या महिला परिवारमूलीको तुलनामा बढी छ, जसअनुसार महिला परिवारमूली ३६.१९% र पुरुष परिवारमूली ६३.८१% रहेका छन्। यसले बढैयाताल गाँउपालिकामा पुरुषहरूले परिवारको नेतृत्व गर्ने प्रवृत्ति बढी रहेको देखाउँदछ।




स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. २.४: लिङ्गअनुसार परिवारमूलीको जनसंख्या र प्रतिशत

| क्षेत्र र वडा | परिवारमूलीको संख्या | | | परिवारमूली % | |
|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | पुरुष | महिला |
| बर्दिया जिल्ला | १०६२८५ | ६८६०० | ३७६८५ | ६४.५४ | ३५.४६ |
| बढैयाताल गाँउपालिका | १२९६१ | ८२७० | ४६९१ | ६३.८१ | ३६.१९ |
| १ | १५१४ | ४७५ | १०३९ | ३१.३७ | ६८.६३ |
| २ | १६२० | ८८३ | ७३७ | ५४.५१ | ४५.४९ |
| ३ | १६०८ | १११९ | ४९७ | ६९.०९ | ३०.९१ |
| ४ | १४०३ | ९४४ | ४५९ | ६७.२८ | ३२.७२ |
| ५ | ११३२ | ८३९ | २९३ | ७४.१२ | २५.८८ |
| ६ | १४११ | १०६६ | ३४५ | ७५.५५ | २४.४५ |
| ७ | १३३५ | ९७३ | ३६२ | ७२.८८ | २७.१२ |
| ८ | १५३५ | १००५ | ५३० | ६५.४७ | ३४.५३ |
| ९ | १४०३ | ९७४ | ४२९ | ६९.४२ | ३०.५८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.५ उमेर समूह र लिङ्गअनुसार परिवारमूलीको विवरण

गाँउपालिकामा सबैभन्दा बढी ३,०६७ परिवारका परिवारमूलीहरू ३० देखि ३९ वर्ष उमेर भित्रका रहेको देखिएको छ भने सबैभन्दा कम २१ परिवारका परिवारमूलीहरू १० देखि १४ वर्ष उमेर भित्रका रहेका देखिन्छ।

तालिकानं.२.५:उमेर समूह र लिङ्ग अनुसार परिवारमूलीको विवरण

| उमेर समूह | लिङ्गअनुसार परिवारमूली | | | | | |
|---|---|---|---|---|---|---|
| | बर्दिया जिल्ला | | | बढैयाताल गाँउपालिका | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १०-१४ | २६२ | ११३ | १४९ | २१ | ७ | १४ |
| १५-१९ | १११५ | ४५३ | ६६२ | ८५ | ३५ | ५० |
| २०-२९ | १३३०६ | ५५५८ | ७७४८ | १४९७ | ५६२ | ९३५ |
| ३०-३९ | २७२६५ | १४६८१ | १२५८४ | ३०६७ | १५३५ | १५३२ |
| ४०-४९ | २४८५६ | १७२५० | ७६०६ | ३०४६ | २१०६ | ९४० |
| ५०-५९ | २०९५८ | १६३५२ | ४६०६ | २६०४ | २०१५ | ५८९ |
| ६०-६९ | ११७६८ | ९०५९ | २७०९ | १६४० | १२४१ | ३९९ |
| ७० माथि | ६७९६ | ५१७१ | १६२५ | १००१ | ७६९ | २३२ |
| जम्मा | १०६३२६ | ६८६३७ | ३७६८९ | १२९६१ | ८२७० | ४६९१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.६ घरपरिवार, लिङ्गअनुसार जनसंख्या र जनघनत्व सम्बन्धी विवरण

बढैयाताल गाँउपालिकाको जनघनत्व ४५९ जना प्रति वर्ग किलोमिटर रहेको छ। त्यसैगरी वडा नं. ९ मा सबैभन्दा बढी जनघनत्व ७६६.९२ जना प्रति वर्ग किलोमिटर रहेको छ भने वडा नं. ६ मा सबैभन्दा कम जनघनत्व २८३.०६ जना प्रति वर्गकिलोमिटर रहेको देखिन्छ।




स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. २.६:घरपरिवार,लिङ्गअनुसार जनसंख्या र जनघनत्व सम्बन्धी विवरण

| क्षेत्र र वडा | राष्ट्रिय जनगणना २०७८ अनुसार | | | | |
|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | जनघनत्व |
| | | जम्मा | पुरुष | महिला | |
| बर्दिया जिल्ला | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | २२७ |
| बढैयाताल गाँउपालिका | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४५९ |
| १ | १५१४ | ५६०० | २३५६ | ३२४४ | ४१०.६४ |
| २ | १६२० | ६५८८ | २९९० | ३५९८ | ७१८.४६ |
| ३ | १६०८ | ६९६९ | ३२८९ | ३६८० | ३८३.८१ |
| ४ | १४०३ | ५८३४ | २७०६ | ३१२८ | ६२०.९४ |
| ५ | ११३२ | ५०८९ | २४४३ | २६४६ | ४१६.४७ |
| ६ | १४११ | ५७४४ | २७०३ | ३०४१ | २८३.०६ |
| ७ | १३३५ | ५७३० | २७०९ | ३०२१ | ३६५.९१ |
| ८ | १५३५ | ६१४१ | २८२७ | ३३१४ | ६१५.४६ |
| ९ | १४०३ | ५१२३ | २३६१ | २७६२ | ७६६.९२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.७ धर्म र लिङ्गअनुसार जनसंख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जम्मा १० वटा धर्मावलम्वीहरू देखिएका छन्। जसमध्ये यस गाँउपालिकामा ८ वटा धर्मावलम्वीहरू रहेका छन्। यस गाँउपालिकामा धर्म अनुसार हेर्दा सबैभन्दा बढी हिन्दु धर्मावलम्वीहरू ४८,८३१ जना रहेका छन् भने सबैभन्दा कम प्रकृति धर्मावलम्वीको संख्या २ जना रहेको छ।

तालिका नं. २.७: धर्म र लिङ्गअनुसार जनसंख्याको विवरण

| लिङ्ग | जम्मा जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किरात | क्रिस्चियन | प्रकृति | बोन | जैन | बहाई | शिख |
| बर्दिया जिल्ला | | | | | | | | | | | |
| जम्मा | ४५९९०० | ४२९५६५ | ३२६३ | १४३६३ | १२ | १२४६० | १४२ | ६६ | ० | २८ | १ |
| पुरुष | २१६७६६ | २०२५९८ | १४८४ | ७०६८ | ७ | ५४९५ | ७० | ३२ | ० | ११ | १ |
| महिला | २४३१३४ | २२६९६७ | १७७९ | ७२९५ | ५ | ६९६५ | ७२ | ३४ | ० | १७ | ० |
| बढैयाताल गाँउपालिका | | | | | | | | | | | |
| जम्मा | ५२८१८ | ४८८३१ | ५९० | १५९० | ३ | १७९३ | २ | ३ | ० | ६ | ० |
| पुरुष | २४३८४ | २२५५७ | २६९ | ७७५ | २ | ७७५ | २ | १ | ० | ३ | ० |
| महिला | २८४३४ | २६२७४ | ३२१ | ८१५ | १ | १०१८ | ० | २ | ० | ३ | ० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.८ जातजाति सम्बन्धी विवरण

### २.८.१ जातजाति र लिङ्गअनुसार जनसंख्याको विवरण

बढैयाताल गाँउपालिकामा सबैभन्दा बढी १९,१४० जना थारू जातिका मानिस रहेका छन् भने सबैभन्दा कम १०/१० जना मारवाडी र छन्त्याल जाति रहेका छन्।

## तालिका नं. २.८.१: जातजाति र लिङ्गअनुसारको जनसंख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बर्दिया जिल्ला | | | | | | | |
| जम्मा | | ४५९९०० | १०० | २१६७६६ | १०० | २४३१३४ | १०० |
| १ | थारू | २३२९९० | ५०.६६ | ११००१० | ५०.७५ | १२२९८० | ५०.५८ |
